...क्सिको (५,६१० मिटर),
युरोपमा रहेको माउण्ट एल्ब्रस
(५,६४२ मिटर), ओशिनियामा
रहेको माउण्ट कार्स्टेन्ज (४,८८४
मिटर) र अन्टार्टिकामा रहेको माउण्ट
भिन्सन (४,८९२ मिटर)को सफल
आरोहण गरिसक्नुभएको छ।

आगामी दिनमा विश्वकै
सर्वोच्च शिखर सगरमाथाको सफल
आरोहण गर्ने लक्ष्य रहेको अध्यक्ष
शेर्पाले बताउनुभएको छ।रासस

---

पेट्रोल र ९८ र डिजेल÷मट्टितेलको मूल्य प्रतिलिटर रु ८८ सम्म भरेको थियो। २०७० फागुनमा प्रतिलिटर रु १४० पुगेको पेट्रोलको मूल्य २०७१ असारमा प्रतिलिटर १३४ रुपैयाँ ५० पैसा, २०७२ असारमा प्रतिलिटर रु १०९, २०७३ असारमा प्रतिलिटर रु ९९, २०७४ असारमा प्रतिलिटर रु ९८, २०७५ असारमा प्रतिलिटर रु ११३, २०७६ असारमा प्रतिलिटर रु

...निगमले पेट्रोलियम पदार्थ खरिद गरेबापत प्रत्येक अङ्ग्रेजी महिनाको ८ र २३ तारिखका दिन आइओसीलाई भुक्तानी गर्दै आएको छ। अघिल्लो पटक सरकारसँग सहयोग मागेर आइओसीलाई भुक्तानी गरेका निगमका अधिकारी मुखैमा आएको किस्ता कसरी तिर्ने भन्ने चिन्तित छन्।

सञ्चित रकम र अन्य दायित्व रकम सबै पेट्रोलियम पदार्थ

...निगमलाई मट्टितेल तथा हवाई इन्धनमा भने सामान्य नाफा छ। पन्ध्र दिनमा मट्टितेलको बिक्रीबाट रु दुई करोड, हवाई इन्धन (आन्तरिकतर्फ) रु तीन करोड र हवाई इन्धन (बाह्यतर्फ) रु १६ करोड नाफा हुने निगमको आङ्कलन छ। डिजेल, पेट्रोल र ग्यासको उच्च घाटा मट्टितेल तथा हवाई इन्धनको बिक्रीबाट पूर्ति हुन नसक्ने निगमले जनाएको छ। रासस

# आइएफआरसीका महासचिव चापागाईं नेपाल भ्रमणमा

काठमाण्डु । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी)का महासचिवमा जगन्नाथ चापागाईं नेपाल भ्रमणमा आउनुभएको छ। आपत्‌कालीन मानवीय सेवामा तल्लीन सर्वोच्च परोपकारी संस्था आइएफआरसीका प्रथम नेपाली महासचिव चापागाईं मङ्गलबार साँझ यहाँ आइपुग्नुभएको हो। नेपाल भ्रमणका क्रममा उहाँले यहाँस्थित आइएफआरसी र नेपाल रेडक्रसका गतिविधिका बारेमा जानकारी लिनुहुने बताइएको छ।

विगत २५ वर्षदेखि रेडक्रस अभियानमा निरन्तर क्रियाशील ५२ वर्षीय उहाँले १ फेब्रुअरी २०२० देखि आइएफआरसीको महासचिवको जिम्मेवारी सम्हाल्नुभएको थियो। सो जिम्मेवारी सम्हालेपछि उहाँको यो पहिलो नेपाल भ्रमण रहेको बताइएको छ।

विश्वका १९२ देश आइएफआरसीका सदस्य छन्। आइएफआरसीको ३ डिसेम्बर २०१९ मा बसेको विशेष गभर्निङ बोर्ड बैठकले एशियाबाटै पहिलोपटक उहाँलाई बहुमतद्वारा सो पदमा निर्वाचित गरेको थियो। बोर्डमा विश्वका शक्तिशाली २९ देश छन्।

आइएफआरसीमा आबद्ध देशीय रेडक्रस र रेडक्रिसेन्ट सोसाइटीमा आबद्ध स्वयंसेवक तथा कर्मचारी पछिल्ला दिनमा कोभिड-१९ प्रतिकार्यमा अग्रपङ्क्तिमा जुटिरहेका छन्। आइएफआरसीले आफ्नो कार्यदिशअनुसार जलवायु परिवर्तनले निम्त्याएका र प्राकृतिक तथा मानव सिर्जित विपद् न्यूनीकरण तथा पीडितलाई महामारीका बीचमा पनि सहयोग निरन्तर जारी राखेको छ। महासचिव चापागाईंले मानवीय सेवाका क्षेत्रमा पुऱ्याउनुभएको काम तथा नेतृत्वले आइएफआरसीका सदस्य देशमा प्रशंसा कमाएको छ।

नेपाल रेडक्रसका अनुसार आइएफआरसीले कोभिड-१९ को सुरुआती चरणमा कोभिड उपचारका लागि स्वास्थ्य संस्थामा उपकरण तथा स्वास्थ्यकर्मीका क्षमता अभिवृद्धि, स्वास्थ्यकर्मीलाई आवश्यक पर्ने पिपिई, मास्क, स्यानिटाइजर सहयोग गरेको थियो भने पछिल्लो चरणमा अक्सिजन कन्सन्ट्रेटर, अक्सिमिटर, थर्मलगन, शव व्यवस्थापनका लागि झोलालगायतका सामग्री तथा खोपका लागि समन्वयसमेत गरेको छ।रासस

## ...उपलब्ध ...को माग

...ढी निजी विद्यालय सञ्चालित ...न्। १७ वर्ष पूरा भएका र १८ ...र्ष ननाघेका बालबालिकाको ...ङ्ख्या कामपामा करिब ... हजार रहेको जनाइएको ...। सरकारले तोकेअनुसारको

*...समूहका करिब ६५ हजार ...थापाथली अस्पतालबाट खोप*

...नेर समूहका करिब ६५ हजार ...लबालिकालाई अहिले छाउनी ...थापाथली अस्पतालबाट खोप ...र्यक्रम सञ्चालन गरिरहेको छ। ...रासस

---

**मधेश प्रदेश सरकार**

## महिला, बालबालिका, यूवा तथा खेलकुद मन्त्रालय

**जनकपुरधाम, नेपाल**

## आशय पत्र (सूची दर्ता) पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।१०।२०**

मधेश प्रदेश सरकार, महिला बालबालिका यूवा तथा खेलकुद मन्त्रालयबाट आ.व.२०७८/०७९ मा लक्षित समुहका महिला तथा अपाङ्गहरुलाई लक्षित गरी विभिन्न रोजगारमूलक सीप विकास तालिम कार्यक्रमहरु तोकिएको विषय, अवधि, समूह, संख्या र स्थानमा सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक सो संबन्धी कार्य गर्न अनुमति प्राप्त, CTEVT मा आबद्धता भएका, विगत ३ वर्षदेखि समान प्रकृतिका काम सम्पन्न गरेका ईच्छुक तालिम प्रदायक फर्म, संस्था वा कम्पनीहरुबाट प्रत्येक विषयको अलग अलग आशय पत्र तयार गरी सुचना प्रकासित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र सिलबन्दी दर्ता गराउनु हुन संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। आशय पत्रको ढाचा र कार्य क्षेत्रगत शर्त मन्त्रालयको वेवसाईट www.mowcys.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ। अन्य जानकारीको लागि मन्त्रालयमा सम्पर्क गर्न सकिनेछ।